"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

पत्र संख्याः- पूर्वाधार विकास शाखा २०७६/०७७ मितिः- २०७६/०८/०४

## विषय :– शिलवन्दी वोलपत्र आब्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७६/०८/०५

इलाम नगरपालिका निम्न वडाहरुमा निर्माण गरीने तपसिल अनुसारका निर्माण कार्यहरु शिलबन्दी दरभाउपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी वोलपत्रआह्वान गरिन्छ ।

१. बोलपत्र खरीद प्रकृया **हार्ड कपि सवमिसनको माध्यमबाट मात्र** गरीएकोले विड डकुमेण्ट इलाम नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाम र कोष तथा लेखा नियन्त्रकको कार्यालय इलामवाट मिति २०७६/०९/०४ कार्यालय समय सम्ममा तोकिएको दस्तुर बुझाई खरीद गर्न सकिने छ । बोलपत्र खरिद दस्तुर वापत संचितकोष खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर वा इलाम नगर कार्यपालिकाको कार्यालयमा जम्मा गरेको नगदी रसीद सक्कलै साथै पेश गर्नु पर्ने छ ।

२. विड डकुमेण्ट बैकबाट खरीद गर्ने लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।
 वैंकको नाम :- नेपाल वैक लि. इलाम संचित कोष खाता नं. :- ०४००३००००००००४००१००७

३. दरभाउपत्रदाताको व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी नम्वर लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.२०७५/०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. बोलपत्रफारम मिति २०७६/०९/०६ गते दिनको १२.०० वजे भित्र हार्ड कपि इलाम नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाम र कोष तथा लेखा नियन्त्रकको कार्यालय इलाममा दर्ता गर्न सकिनेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १२.३० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्रकागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्रबुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्रखरिद गर्न र बुझाउन सकिने छ ।

६. बोलपत्रसाथ ने.वै.लि. इलाम स्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ०४००३००००००००३००००४३ मा फर्मको नामवाट तपसीलमा उल्लेखित बोलपत्रजमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्रपेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० ( एकसय विस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्रजमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्रकागजात अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

८. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

९. अन्य विस्तृत विवरण विड डकुमेण्ट को विड डाटा सिट मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१०. सूचना तथा बोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

११. दरभाउपत्रको परीक्षण बोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१२. बोलपत्र दाताहरुले आफ्नो बोलपत्र दाखिला गर्नु अगावै बोलपत्र मा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१३. बोलपत्र सम्वन्धि जानकारी सार्वजनीक खरीद अनुगमन कार्यालयको वेव साईट बाट पनि हेर्न सकिनेछ ।

१४. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१५. बोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

**इलाम नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**इलाम, १ नं. प्रदेश, नेपाल**

**पत्र संख्याः- पूर्वाधार विकास शाखा २०७६/०७७** **मितिः- २०७६/०८/०४**

१६. शिलबन्दि बोलपत्र को अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

१७. बोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकाश शाखा वा वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**सिलवन्दी बोलपत्र सम्वन्धि कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. ( भ्याट, कन्टिन्जेन्सि तथा मर्मतकोष बाहेक) | बोलपत्रजमानत रकम रु. | बोलपत्रफारम खरीद दस्तुर रु. | बोलपत्रखरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|---|
| १. | इनपा/इलाम/एर्नि सवि/निर्माण ०६/२०७६/०७७ | चियाबारी भालुढुगा सडक स्तरोन्नती तथा कालोपत्रे । | २१,५९,३५१.९३ | ७५,०००.०० | ३,०००.०० | २०७६/०९/०४ कार्यालय समय सम्ममा |

................................

**प्रेम कुमार गौतम**

नि. प्रमुख प्रशासकिय अधिकृत

०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०

URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com